**क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभाको १४ औं अधिवेशनको समुद्घाटन समारोहमा नगर प्रमुख श्री सुखदेव यादवद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम**

**नगर सभा सदस्य तथा उपस्थित महानुभवहरू !**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभाको यस गरिमामय बैठक समक्ष पेश गर्न चाहन्छु :

**राजस्व प्रशासन :**

१. करको दायरा बृद्धि गरी करको दरमा हेरफेर गरी यसको भार कम गर्ने नीति लिइनेछ साथै चालु आ.व. २०८२।०८३ मा **चार किल्ला सिफारिस, घरबाटो सिफारिस, नागरिकताको सिफारिस, जन्मदर्ता, बिवाह दर्ता, मृत्यु दर्ता, बसाई सराई** दस्तुर निःशुल्क गरिएकोमा आगामी आ.व.२०८३।०८४ मा समेत निरन्तरता दिईनेछ ।

२. यस नगरपालिकामा दर्ता नभई संचालन भएका व्यवसायीहरूलाई दर्ता प्रकृयामा आउन प्रोत्साहन गरिनेछ ।

३. यस नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा जमिन, हाटबजार, पोखरी तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजस्व अभिवृद्धि गरिनेछ ।

४. नगरपालिकाको आन्तरिक आय संकलन हुने थप नयाँ क्षेत्रहरूको पहिचान गरी राजश्व वृद्धि गर्ने नीति लिइनेछ ।

**आर्थिक विकास :**

५. धानको बिउ, गहुँको बिउ, तरकारी तथा फलफूलका बिरूवाहरू तोकिएको सरकारी दरमा वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै किसानहरूलाई प्रबिधि सहायता कार्यक्रम संचालन गरी कृषिमा आधुनिकीकरण गर्दै लगिनेछ ।

६. बढ्दो रासायनिक मल तथा विषादीको प्रयोगबाट जनस्वास्थ्य र वातावरणमा पर्न जाने प्रतिकुल असरलाई कम गर्न प्राङ्गारिक कृषि कार्यक्रमलाई जोड दिइनेछ ।

७. कृषि विकासका लागि जमिनको खण्डिकरण र बाँजोपन नियन्त्रण गर्न जग्गा भाडामा लिइ सामुहिक खेती गर्ने गरी विशेष अभियान कार्यक्रम संचालन गरिनेछ ।

८. कृषि उत्पादन अभिवृद्धिका लागि सिंचाइ प्रणालीको विकास, कृषिको यान्त्रिकरण, कृषि हाट बजारको व्यवस्थित संचालन तथा उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

९. कृषि कर्मलाई आधुनिकरण गरी व्यवसायिकरण गर्दै कृषि उपजमा आत्म निर्भर नगरको रूपमा क्षीरेश्वरनाथ नगरपालिकालाई विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ साथै कृषि गणना र कृषि विद्युत निःशुल्कलाई निरन्तरता दिइनेछ ।

१०. नगरपालिका भित्र उद्योग मैत्री वातावरण सृजना गरी रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ। साथै नगर क्षेत्रभित्र एकिकृत रूपमा साना तथा मझौला उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११. नव युवाहरूलाई स्वरोजगारीका लागि आवश्यक क्षमता विकास कार्यक्रमहरू संचालन गरिनेछ साथै युवाहरूलाई स्वरोजगार सृजना गर्न समृद्धि आयोजनासँग लागत साझेदारीमा कार्यक्रमहरू संचालन गरिनेछ।

१२. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित तथा उपलब्धिमूलक बनाउनको लागि सूचना तथा परामर्श, सिप र न्यायमा पहुँचको लागि रेमी परियोजनाका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा संचालन गरिनेछ ।

१३. यस नगरक्षेत्र भित्र संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई थप विस्तार गरी सबैको पहुँचमा पुऱ्याइनेछ ।

१४. नगर क्षेत्र भित्र रहेका उद्योग तथा व्यवसायहरूको व्यवस्थित प्रोफाइल तयार गरिनेछ तथा दर्ता प्रक्रियामा नआएका व्यवसायीहरूलाई दर्ता प्रक्रियामा आउन सहजिकरण गरिनेछ ।

**भौतिक पूर्वाधार विकास :**

१५. नगर क्षेत्र भित्रका अधुरा सडकहरूलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्न विशेष प्राथमिकताका साथ कार्य गरिनेछ ।

१६. यस नगरपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरूमा स्थानीय जनताको अपनत्व बोध गराई दिगो विकासका लागि तोकिए अनुसार लागत सहभागितामा कार्य सम्पन्न गर्नु पर्ने नीति लिइनेछ ।

१७. दुधमती पोखरी तथा क्षीरेश्वरनाथ मन्दीर लगायत धार्मिक आस्थाका क्षेत्रमा आबश्यक पुर्वाधार निर्माण कार्य सम्पन्न गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै लगिनेछ ।

१८. मधेश प्रदेशको राजधानी जनकपुरधामको प्रवेश द्वारको रूपमा रहेको यस नगरपालिकाको सडकलाई हरित सडकको रूपमा विकास गरिनेछ ।

१९. नगरपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्मैत्री र वातावरण मैत्री बनाउने नीति अवलम्बन गरिनेछ साथै नगरपालिका क्षेत्र भित्र पोल, तार एवम् ट्रान्सफर्मर जडान कार्यलाई विस्तार गर्दै लगिनेछ ।

२०. भौतिक पुर्वाधार संरचनाहरूको गुणस्तर कायम गर्दै गुणस्तरीय र सुरक्षित एवम् विपद् जोखिम न्युनिकरण गर्ने भौतिक संरचनाहरूको विकासमा जोड दिइनेछ ।

२१. पुरानो धार्मिक स्थलहरूको स्तरोन्नती, नयाँ धार्मिक स्थल निर्माण र पुरानो सामुदायिक भवन स्तरोन्नती र नयाँ सामुदायिक भवन निर्माण गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

२२. ऐतीहासिक क्षीरेश्वरनाथ मन्दिर, धार्मिक ऐतीहासिक, पुरातात्विक महत्वका स्थानहरूको संरक्षण र विकासमा जोड दिइनेछ ।



CamScanner

२३. नगरपालिकाको नाममा रहेको वातावरण व्यवस्थापन कोष, मर्मत सम्भारकोष, दैवि प्रकोप विपद् व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरी लक्षित वर्गको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ ।

२४. विपद्को अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकाय र सुरक्षाकर्मीहरूसंग समन्वय गरी स्वयं सेवक र उद्धार राहत सामग्रीहरूको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

२५. बाढीले गर्दा डुबान भएका ठाउँहरूको सम्भावित सूची तयार गरी त्यसलाई व्यवस्थित किसिमले समाधानको व्यवस्था मिलाइने छ ।

२६. नगरका १० वटै वडा कार्यालयहरूमा फोहरमैला व्यवस्थापन सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ साथै सबै वडाहरूमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समितीलाई सक्रिय तुल्याईनेछ ।

२७. सार्वजनिक सडक, नाला र खुल्ला स्थानहरूमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरी जरिवान गरिनेछ ।

२८. सरूवा रोग, डेङ्गु, मलेरिया, कलाजार, जाप्नीज इन्सेफलाइटिस जस्ता रोगहरूबाट बच्नको लागि किट्नासक औषधी छर्कने र जनचेतनामूलक कार्यक्रमहरू प्रचार प्रसारका रूपमा सञ्चालन गरिनेछ ।

२९. नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान गरी स्थानान्नतरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

३०. एक घर एक विद्युतिय चुलो वितरण कार्यक्रम संचालन गरी धुवा मुक्त भान्छाको अवधारणा कमश कार्यविधि वनाई लागु गरिनेछ ।

३१. सरकारी कार्यालय तथा निकायहरूमा कार्यरत महिला कर्मचारीहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण गरिनेछ ।

सार्वजनिक सेवा तथा सुशासन प्रर्वद्धन

३२. सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless adminstration, इ-प्रशासन भएको कार्यालयको रूपमा विकास गर्दै लगिनेछ ।

३३. नगरपालिका तथा मातहतका कार्यालयहरूमा प्राप्त हुने जनगुनासोलाई सुनुवाई गर्न तथा सोको व्यवस्थापनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ । साथै मातहतका सरकारी कार्यालयहरूमा सूचनापाटीको व्यवस्था अनिवार्य गरिने छ ।

३४. क्षतीपुर्ती सहितको नागरीक वडापत्रको प्रभावकारीता वृद्धि गर्न श्रव्य दृश्य प्रविधिमा आधारित नागरिक वडापत्र नगरपालिका तथा वडा कार्यालयहरूमा राखिनेछ ।

३५. जनप्रतीनिधि तथा कर्मचारीहरूको आचार संहिता तर्जुमा गरी कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

३६. कर्मचारीहरूलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनुका साथै अतिरिक्त समय कार्यगर्ने कर्मचारीहरूलाई प्रोत्साहन गरिनेछ ।

३७. केन्द्र तथा प्रदेश सरकारद्वारा निर्धारण गरिएको नमूना दरबन्दीलाई आधार मानी यस नगरपालिकाको कार्यबोझ तथा कार्यरत कर्मचारीको आधारमा दरबन्दी स्वीकृत गरिनेछ ।

३८. यस नगर क्षेत्रबाट रोजगारीको लागि विदेश जानेहरूको लागि सहज श्रम स्वीकृतिको व्यवस्था गरिनेछ ।

३९. क्षीरेश्वरनाथ नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ । साथै सम्पूर्ण कर्मचारीहरूको उत्प्रेरणा तथा मनोबल उच्च पार्नको लागि स्थानीय कर्मचारी प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

४०. नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि अनलाइन दर्ता, चलानी अनलाइन प्रणालीबाट गराउने कार्यलाई निरन्तरता दिइने छ साथै नागरिकता सिफारिस अनलाइन प्रणाली मार्फत संचालन गरिनेछ ।

४१. नगर क्षेत्र भित्रका नागरिकहरूलाई भूमी प्रशासन (मालपोत) सम्बन्धि सेवा प्रदान गर्न आवश्यक पूर्वाधार व्यवस्थापन गरिनेछ ।



CamScanner

४२. नगर क्षेत्र भित्रका नागरिकहरूले ५० युनिट सम्मको विद्युत निःशुल्क उपभोग गर्न पाउने व्यवस्था मिलाइनेछ। साथै नगर क्षेत्र भित्रका सामुदायिक विद्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूको विद्युत शुल्क बापतको रकम नगरपालिकाबाट व्यवस्थापन गरिनेछ साथै सार्वजनिक संस्था र स्थानहरूलाई फ्रि वाइफाइ जोनको रूपमा विकास गर्दै लगिनेछ।

**सामाजिक विकास :**

**शिक्षा :**

४३. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निःशुल्क तथा अनिवार्य शिक्षाको सुनिश्चितता गरिनुका साथै नगरपालिकालाई अनिवार्य र निःशुल्क शिक्षा लागु भएको नगरपालिका घोषणा गरिनेछ।

४४. क्षीरेश्वरनाथ नगरपालिकालाई आगामी आर्थिक वर्षको प्रथम चौमासिक भित्र साक्षर नगरपालिका घोषणा गरिनेछ।

४५. आधारभुत शिक्षा उत्तीर्ण एवम् विद्यालय स्तरमा लिइने परीक्षाहरूलाई व्यवस्थित र प्रभावकारी बनाइनुका साथै विद्यालय शिक्षालाई पूर्ण रूपमा निःशुल्क बनाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

४६. बालविकास/पूर्वप्राथमिक शिक्षालाई विद्यालय शिक्षाको तयारीको रूपमा विकास गर्न शिक्षक तयारी, कक्षाकोठा व्यवस्थापन लगायतका विषयमा बालविकास शिक्षक अभिमूखिकरण एवम् क्षमता विकास कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

४७. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरीने कार्यलाई निरन्तरता दिइनेछ साथै शिक्षक अभाव पूर्ति गर्न नगर स्वयम् सेवक शिक्षक व्यवस्थापन गरिनेछ।

४८. शिक्षकहरूको पेशागत र दक्षता विकासको लागि अन्तर विद्यालय अनुगमन, अभिमुखिकरण, शैक्षिक भ्रमण तथा विद्यालयमा आधारित अभिभावक शिक्षा तालिम, प्र.अ. क्षमता विकास तथा शिक्षक तालिमको व्यवस्थापन गरिनेछ।



CamScanner

४९. मार्ग र आवश्यकताका आधारमा विद्यालय भौतिक पूर्वाधार (कक्षा कोठा, शौचालय, विद्यालय घेराबेरा, खानेपानी, फर्निचर आदि) निर्माण तथा मर्मत एवम् विद्यालयहरूका लागि कम्प्युटर, प्रिन्टर, विज्ञान तथा गणित प्रयोगशाला सामग्री, डिजिटल स्मार्ट बोर्ड, फर्निचर लगायतका पुरक शैक्षिक पूर्वाधार विकास कार्यक्रम संचालन गर्दै विद्यालयको भौतिक एवम् शैक्षिक गुणस्तर सुधार गर्दै लगिनेछ साथै विद्यालयको भौतिक कार्यक्रम संचालन गर्दा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री बनाइनेछ ।

५०. नगर स्तरिय वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी नगरको शैक्षिक गतिबिधिमा एकरूपता कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५१. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली अनुसार संस्थागत विद्यालयले प्रदान गर्नु पर्ने छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

५२. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरीलाई नगरपालिकाको कार्यालयमा मूल प्रणालीमा आवद्ध गरी एकद्वार प्रणालीबाट अनुगमन गर्न सकिने बनाइनेछ ।

५३. बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरू (विद्यालय सहायक र विद्यालय सहयोगी) को तलब भत्तामा नगरपालिकाले उपलब्ध गराउदै आएको पारिश्रमिक अनुदानमा थप गरिने छ ।

**युवा तथा खेलकुद :**

५४. नगर युवा नीति अनुसार नगर स्तरीय युवा संजाल गठन गरी नगरको विकास तथा सुशासन प्रवर्द्धनमा युवाको भूमिका विस्तारका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५५. **युवासँग मेयर उद्यमशिलता कार्यक्रम** संलाचन गरी युवाहरूलाई स्वरोजगार र व्यवसायी बनाउन आवश्यक सीपमूलक तालिम संचालन गरी आत्मनिर्भर बनाइनेछ ।

५६. कुलत तथा लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धि सचेतनामूलक परामर्श तथा क्षमता विकास कार्यक्रमहरू संचालन गरिनेछ ।

५७. युवा वर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास गर्न खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

५८. विद्यालय तहदेखी खेल प्रतिभाको प्रस्फुटनका लागि नगर स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ ।

५९. सामुदायिक विद्यालयहरूलाई खेल सामाग्री वितरण गरिनुका साथै स्वयंसेवक खेल प्रशिक्षक कार्यक्रम लागु गरि विद्यालय तहदेखी नै बालबालिकाहरूलाई खेलकुद क्षेत्रमा लाग्न प्रेरित गरिनेछ ।

६०. नगरपालिकाको खेलकुद गतिविधि र कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक :**

६१. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

६२. एकल तथा दलित महिलाहरूका हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

६३. सामाजिक बिकृतिको रूपमा रहेको बालबिवाह, बहुबिवाह, अन्धविश्वास एवं सामाजिक कुरितीहरू हटाउन सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा आवश्यक कार्यक्रमहरू संचालन गरिने छ ।

६४. क्षीरेश्वरनाथ नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि आवश्यक कानुनी व्यवस्था गरी सोही अनुसारका कार्यक्रमहरू संचालन गरिनेछ ।

६५. मृगौला, मुटु, कलेजो, क्यान्सर, स्पाइनल इन्जुरी, मेनेन्जाईटिस, पक्षघात (घातक) रोग लागेको बिरामीहरूलाई दिईंदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

६६. नगरपालिकाबाट प्रदान गरीने सेवाहरूमा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई प्राथमिकता दिइनेछ ।

६७. महिलाहरूको स्वास्थ्य अवस्थालाई मध्य नगर गर्दै बाल मृत्युदर तथा मातृ मृत्युदर कम गर्न महिलाहरूको पाठेघर स्कृनिङ कार्यक्रमहरू संचालन गरिने छ ।

**सामाजिक सुरक्षा :**

६८. गर्भवती महिलाहरूको सुरक्षाको लागि प्रदान गरिने पोषण भत्ता तथा मोतियाबिन्दुको अपरेसन भएका नागरिकहरूलाई प्रदान गरिदै आएको सुरक्षा भत्ता तथा अन्तिम संस्कार खर्चबापत दिइने रकमलाई चालु आ.व.मा निरन्तरता दिइनेछ ।

६९. समाजका अग्रज तथा सम्मानित ज्येष्ठ नागरिकहरूको भूमिका र योगदानलाई कदर गर्दै ज्येष्ठ नागरिक तथा साधु संतहरूलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

७०. मातृ मृत्यू दर घटाउने उद्देश्यले यस नगरमा आमा सुरक्षा कार्यक्रम लागु गरिनेछ ।

७१. सुकुम्बासी र भूमीहिन नागरिकलाई जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

**स्वास्थ्य सेवा :**

७२. सहज, प्रभावकारी र भरपर्दो निःशुल्क आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति दिलाउन नगरपालिकाको सबै वडाहरूमा स्थापना भएका स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थालाई आवश्यकताको आधारमा स्तरोन्नती गर्दै लैजाने नीति अवलम्वन गरिनेछ । साथै नगरपालिका अन्तर्गतको सबै स्वास्थ्य संस्था तथा व्यवस्थापन समितिको खातामा ५० हजारको दरले रकम जम्मा गरिने छ ।

७३. स्वयमसेविका कोषमा आवश्यक अनुदान थप गरी स्वयंसेविकाहरूलाई मासिक रूपमा प्रदान गरिदै आएको प्रोत्साहन रकम मासिक रु. ३,०००।०० लाई बढाएर आगामी आ.व.मा रु. ५,०००।०० गरिने छ साथै फिल्डमा खटिने स्वास्थ्य कर्मीहरूलाई आवश्यक लजिस्टिक सहायता प्रदान गरिनेछ ।

७४. निजी स्वास्थ्य संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रूपमा संचालित निजी स्वास्थ्य संस्थाहरूलाई कानुनी दायरामा ल्याएर मात्र संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

७५. आम उपभोक्ताको हितलाई ध्यान दिँदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान संचालन गरिनेछ ।

७६. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई गलत कार्यलाई दण्डित गर्ने नीति लिइनेछ ।

७७. जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरू संचालन गरिनेछ । ८० वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरूको नि:शुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७८. नगर क्षेत्र भित्रका दीर्घरोगीहरूलाई नि:शुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।

प्रस्तुत् नीति तर्जुमा गर्न सहयोग गर्ने नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी लगायतका पदाधिकारी ज्यूहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

३ असार २०८३

सुखदेव यादव
नगर प्रमुख
क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर
धनुषा, मधेस प्रदेश



CamScanner

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश नेपाल

# आ.व.२०८३।०८४ को लागि नगर प्रमुख श्री सुखदेव यादव ज्यूबाट प्रस्तुत हुने नीति तथा कार्यक्रमहरू

क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा